नेपाल सरकार
**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
सिंहदरवार, काठमाडौं ।

फोन नं. ०१४२००२८३

प.सं. २०७४/०७५
च.न ११.....

मिति : २०७४/४/२९

**विषय : बाढीग्रस्त क्षेत्रमा उद्धार तथा राहत व्यवस्थापन गर्ने सम्वन्धमा ।**

**श्री महानगरपालिका/उपमहानगरपालिका/ नगरपालिका सवै ।**
**श्री गाउँपालिका सवै ।**

देशभर परेको अविरल वर्षाका कारण देशका विभिन्न भागमा बाढी तथा पहिरोको प्रकोपद्वारा जनधनको क्षती, दैनिक उपभोग्य वस्तु र सेवाको आपुर्तीमा परेको कठीनाई तथा यातायातमा देखिएको अवरोधबाट हाल सर्वसाधरणको जनजीवनमा असहज परिस्थिति श्रृजना भएको व्यहोरा तहाँलाई अवगत भएकै छ । यसै सन्दर्भमा केन्द्रीय दैवि प्रकोप उद्वार समितिको निर्णयद्वारा सरकारका विभिन्न तहबाट तत्काल उद्धार तथा राहतका क्रियाकलापहरु संचालन गर्न निर्देश भएको सन्दर्भमा हाल उत्पन्न विषम परिस्थितिलाई सामान्य तुल्याई विपतको अवस्थामा उद्धार तथा राहत कार्यको व्यवस्थापन गर्न देहाय वमोजिमको व्यवस्था मिलाउनु हुन नेपाल सरकार ( माननीय उपप्रधान तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रीस्तर) को मिति २०७४/४/२९ को निर्णयानुसार अनुरोध गरिन्छ ।

१. नगरपालिका/गाउँपालिकाकाका प्रमुख/अध्यक्षको संयोजकत्वमा नगरपालिका/गाउँपालिका क्षेत्र भित्र रहेको सरकारी एर्व गैरसरकारी निकाय, निजी क्षेत्र, नेपाल रेडक्रस सोसाइटी, स्थानीय उद्योग वाणिज्य संघ, समाजसेवी, संघसंस्था समेतको सहभागितामा नगर/गाउँ स्तरीय विपद व्यवस्थापन समिति गठन गरी बाढी, पहिरो र डुवान भएका क्षेत्रमा तत्काल उद्वार तथा राहतको व्यवस्था मिलाउने ।

२. नगरपालिका/गाउँपालिकाको सम्वन्धित वडा अध्यक्षको संयोजकत्वमा वडा स्थित सवै सरोकारवाला संघसंस्था र निकाय, समाजसेवी तथा उद्योगी व्यापारी, स्थानीय टोल विकास संस्था समेतलाई समेटी वडा स्तरीय विपद व्यवस्थापन तथा राहत तथा उद्वार समन्वय समिति गठन गरी उद्वार तथा राहतका कार्यक्रमहरु संचालनमा सहजीकरण, समन्वय र सहयोगको व्यवस्था मिलाउने ।

३. प्रत्येक स्थानीय तहले विपदको अवस्थामा रहेका घरपरिवारलाई सुरक्षित स्थानमा राख्ने, त्यस्ता घरपारिवारलाई वसोवासमा सहयोग पुऱ्याउने, स्थानीय स्वयम सेवक परिचालन गर्ने व्यवस्था मिलाउने ।

४. प्रत्येक स्थानीय तहमा विपद उद्वार, सहायता तथा समन्वयका लागि कर्मचारी सहितको डेस्क स्थापना गरी उक्त डेस्कबाट लगत संकलन, समन्वय, सहयोग, सुचना आदन प्रदान लगायतका कार्य गरी विवरण संकलन/संप्रेषणका कार्य गर्ने व्यवस्था मिलाउने ।

४/२९
(गुरुप्रसाद सुवेदी)
उपसचिव

**वोधार्थ :**
श्री गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, सवै : आवश्यक समन्वय हुन ।
श्री सूचना तथा विद्युतीय शासन शाखा
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय: एक प्रति यस मन्त्रालयको वेभसाइटमा अपलोड गरिदिनु हुन अनुरोध छ ।